# **प्रहरी निरीक्षक (जनपद) पदको लिखित परीक्षा केन्द्र निर्धारण गरिएको सम्बन्धी सूचना ! ! !**

नेपाल प्रहरीमा रिक्त रहेको **प्रहरी निरीक्षक (जनपद)** पदमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान बमोजिम पदपूर्ति गर्न नेपाल प्रहरी प्रधान कार्यालयबाट वि.नं. ०१ (०८१/८२) मिति २०८१/०५/२८ गते प्रकाशित विज्ञापन अनुसार **विस्तृत स्वास्थ्य परीक्षणमा** उत्तीर्ण भएका उम्मेदवारहरूको **लोक सेवा आयोगद्वारा निम्नानुसारको परीक्षा केन्द्रहरूमा मिति २०८१/०९/१० गतेदेखि मिति २०८१/०९/१२ गतेसम्म लिखित परीक्षा सञ्चालन** हुने व्यहोरा सम्बन्धित सम्पूर्ण उम्मेदवारहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

साथै लिखित परीक्षामा सहभागी हुने उम्मेदवारहरूले **प्रवेश-पत्र** सँगै आफ्नो **सक्कलै नागरिकताको प्रमाण-पत्र** वा **नेपाल सरकारबाट जारी भएको फोटो सहितको कुनै परिचय-पत्र** अनिवार्य रूपमा साथमा लिई परीक्षा शुरू हुनु भन्दा कम्तीमा **१ घण्टा** अगावै तोकिएको स्थानमा उपस्थित हुनु हुन समेत जानकारीको लागि सूचित गरिन्छ।

**निम्नः-**

# लोक सेवा आयोग
## (परीक्षा सञ्चालन शाखा)

**सूचना नं. ६६४/०८१-८२**

## नेपाल प्रहरी, जनपद प्रहरी समूह तर्फ प्रहरी निरीक्षक पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

**नेपाल प्रहरी, जनपद प्रहरी समूह** तर्फ मिति २०८१/५/२८ गते प्रकाशित विज्ञापन अनुसार **प्रहरी निरीक्षक** पदको प्रतियोगितात्मक लिखित परीक्षा निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। परीक्षार्थीहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरु द्रष्टव्यमा तल उल्लेख गरीएको छ ।

**परीक्षा कार्यक्रम**

| क्र. स. | विज्ञापन नम्बर | पद | पत्र | विषय | परीक्षा मिति र समय | परीक्षा अवधि |
|---|---|---|---|---|---|---|
| १ | १/२०८१/८२ (खुला तथा समावेशी) | प्रहरी निरीक्षक | प्रथम | सामान्य ज्ञान र बौद्धिक परीक्षण | २०८१।०९।१० गते विहान ९:०० बजे | ५० मिनेट |
| | | | द्वितीय | अंग्रेजी र नेपाली भाषा | २०८१।०९।११ गते विहान ९:०० बजे | ३ घण्टा |
| | | | तृतीय | पेशागत सैद्धान्तिक ज्ञान | २०८१।०९।१२ गते विहान ९:०० बजे | २ घण्टा १५ मिनेट |
| | | | | पेशागत व्यवहारीक परीक्षण | २०८१।०९।१२ गते विहान ११:२५ बजे | ४५ मिनेट |

**परीक्षा भवन**

| क्र. स. | उम्मेदवारहरुको रोल नं./दर्ता नं. | परीक्षा केन्द्र | संख्या |
|---|---|---|---|
| १ | दर्ता नं. १००१ देखि ४००५३ सम्म | श्री जनप्रभात मा.वि, कालिमाटी | २०० |
| २ | दर्ता नं. ४००५४ देखि ७००७६ सम्म | श्री भाइब्रेन्ट इन्स्टिच्यूट, न्यू प्लाजा पुतलीसडक, (क) केन्द्र | २०० |
| ३ | दर्ता नं. ७००७७ देखि ५००१५६ सम्म | श्री भाइब्रेन्ट इन्चिज्यूट, न्यू प्लाजा पुतलीसडक, (ख) केन्द्र | २०० |
| ४ | दर्ता नं. ५००१५७ देखि ८००३४३ सम्म | श्री नन्दी मा.वि., नागपोखरी, नक्साल | २०० |
| ५ | दर्ता नं. ८००३४५ देखि ८००५९७ सम्म | श्री नेपाल युवक मा.वि., पकनाजोल, (क) केन्द्र | २०० |
| ६ | दर्ता नं. ८००५९८ देखि ८००८८३ सम्म | श्री नेपाल युवक मा.वि., पकनाजोल, (ख) केन्द्र | २०० |
| ७ | दर्ता नं. ८००८८८ देखि ८००१३०७ सम्म | श्री मनमोहन मेमोरियल कलेज, बालाजु | ३०० |

**द्रष्टब्य:**

१. उम्मेदवारले उत्तरपुस्तिकामा कालो मसी भएको डटपेन/कलम मात्र प्रयोग गर्नुपर्नेछ ।
२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।
३. परीक्षा केन्द्रमा मोबाइल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ ।
४. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित बिदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन ।
५. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) A, B, C, D मा लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।
६. उम्मेदवारले परीक्षा केन्द्रमा आउँदा आफ्नो प्रवेशपत्र सहित नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा आफ्नो तस्विर भएको सरकारी निकायबाट जारी भएको अन्य कुनै प्रमाणपत्र समेत अनिवार्य रूपमा साथमा लिई आउनु पर्नेछ ।
७. उम्मेदवारले आफ्नो प्रयोजनको लागि पिउने पानीको व्यवस्था आफैं गर्नुपर्नेछ ।

मिति: २०८१।८।२५ गते

**मिति:- २०८१/०८/२६ गते ।**

**नेपाल प्रहरी प्रधान कार्यालय**
मानवश्रोत विकास विभाग
वृत्ति विकास महाशाखा
भर्ना छनौट शाखा
नक्साल, काठमाडौँ।
०१-५७१९९२७